# प्रदुषण नियन्त्रण प्रमाण पत्र सम्वन्धि कार्यविधि, २०७५

## दुहबी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दुहबी, सुनसरी

# प्रदुषण नियन्त्रण प्रमाण पत्र सम्वन्धि कार्यविधि, २०७५

**कार्यपालिकाबाट स्वीकृत मिति : २०७५/०६/१८**

**प्रस्तावना :**

दुहबी नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका घरेलु, सानफ मझौला र ठूला उद्योगहरु वातावरण संरक्षण नियमावली, २०५४ (२०५६ संशोधन सहित) को अनुसूची ७ मा पर्ने ५५ किसिमका उद्योगहरुको प्रदुषण नियन्त्रण तथा रोकथाम कार्य सम्पादन गर्न प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को तफा ४ ले दिएको अधिकार प्रयोग गरी दुहबी नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम " **प्रदुषण नियन्त्रण प्रमाण पत्र सम्वन्धि कार्यविधि, २०७५**" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।
(३) यो कार्यविधि दुहबी नगरपालिका क्षेत्रभित्र लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

(क) "प्रमुख" भन्नाले दुहबी नगरपालिका नगर कार्यपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ख) "उपप्रमुख" भन्नाले दुहबी नगरपालिका नगर कार्यपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दुहबी नगरपालिको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(घ) "प्रदुषण नियन्त्रण प्रमाण पत्र" भन्नाले वातावरण संरक्षण नियमावली, २०५४ (२०५६ संशोधन सहित) का अनुसूची ७ मा पर्ने ५५ किसिमका उद्योगहरुलाई दिने प्रमाण पत्र सम्झनु पर्छ ।

(ङ) "उपशाखा वा शाखा" भन्नाले वातावरण उपशाखा वा शाखा सम्झनु पर्छ ।

(च) "प्राविधिक कर्मचारी" भन्नाले नगर कार्यपालिकाकाले औद्योगिक प्रदुषण सम्वन्धि काम गर्नका निम्ति जिम्मेबारी प्राप्त प्राविधि कर्मचारीलाई सम्झनु पर्छ ।

(छ) "कार्यपालिका" भन्नाले दुहबी नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ज) "कार्यालय" भन्नाले दुहबी नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ सो शब्दले वडा समितिको कार्यालयलाई समेत जनाउनेछ ।

(झ) "उद्योग बर्गीकरण" भन्नाले उद्योग ऐन, २०७३ को दफा १५ बर्गीकरण गरेको घरेलु, साना, मझौला र ठूला बर्गका उद्योग सम्झनु पर्छ ।

- **घरेलु उद्योग :** देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ :- (१) परम्परागत सीप र प्रविधिमा आधारित, (२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा अधारित, (३) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा दश किलावाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको, र (४) अनुसूची-२ मा उल्लेख भए बमोजिमका उद्योगहरु ।
- **साना उद्योगः** लघु उद्यम र घरेलु उद्योग बाहेकको दश करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योग,
- **मझौला उद्योगः** दश करोड रुपैयाभन्दा बढी पच्चीस करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योग,
- **ठूला उद्योगः** पच्चीस करोड रुपैयाँभन्दा बढी स्थिर पूँजी भएको उद्योग,

(ञ) "कार्यविधि" भन्नाले दुहबी नगरपालिकाको कार्यपालिकाले स्वीकृत गरी लागु गर्ने "प्रदुषण रोकथाम तथा नियन्त्रण" कार्यबिधिलाई सम्झनु पर्छ ।

(ट) "नगरपालिका" भन्नाले दुहबी नगरपालिकालाई सम्झनु पर्छ ।

३. **<u>वातावरण उर्जा तथा सरसफाई उप शाखाः</u>** (१) नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४, अनुसूची-२ (नियम ४ को उपनियम (क) सँग सम्बन्धित) ६ (ख) बमोजिम भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा अन्तर्गत वातावरण उर्जा तथा सरसफाई उपशाखा रहेको  छ ।

(२) वातावरण उर्जा तथा सरसफाई उपशाखाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दुहबी नगरपालिकाको क्षेत्राधिकार भित्रको स्थानमा वातावरणीय ह्रासका कारण मानव, वन्यजन्तु, वोट विरुवा र भौतिक वस्तुहरुमा पर्ने प्रतिकूल प्रभावलाई यथासम्भव न्यूनीकरण, सफा र स्वस्थ्य वातावरणको प्रवर्द्धन गर्ने प्राकृतिक श्रोतहरुको उचित प्रयोग र व्यवस् गरी वातावरण संरक्षण गर्ने,

(ख) कार्यपालिका र वातावरण समितिलाई प्राविधिक सहयोग उपलब्ध गराउने,

(ग) जैविक विविधताको संरक्षण र प्रवर्द्धन, औद्योगिक तथा शहरी प्रदूषणको नियन्त्रण एवं न्यूनीकरण समस्याहरु वारे अन्वेषण तथा अनुसन्धान गर्ने गराउने,

(घ) औद्योगिक तथा शहरी प्रदूषण र सो प्रभावकारी रोकथाम तथा नियन्त्रण गर्न अपनाइएका उपायहरु वारे प्राविधिक तथा तथ्यांकीय विवरणहरु संकलन, संग्रह र प्रकाशन गर्ने, प्रदुषणको शुद्धिकरण तथा सुरक्षित विसर्जन गर्न आवश्यक पुस्तिका वा निर्देशिका तयार गर्ने, सो सम्वन्धी सूचनाहरु प्रवाह गर्ने,

(ङ) औद्योगिक र शहरी प्रदूषणको रोकथाम, न्यूनीकरण गर्न जिल्लास्तरीय योजना तयार तथा कार्यान्वयन गर्ने,

(च) जैविक विविधता, वन, नदीनाला पर्यावरण, सीमसार, संरक्षित वा संवेदनशील क्षेत्रहरु सांस्कृतिकरुपले महत्वपूर्ण ऐतिहासिक, पुराना स्थल, आदि सम्वन्धमा जिल्लास्तरीय कार्यक्रमको योजना तर्जुमा गर्ने र सो कार्यान्वयन गराउने,

(छ) वातावरण मन्त्रालय र उद्योग मन्त्रालयहरुका सम्वन्धित शाखाहरुसँग समन्वय कायम गरी काम गर्ने,

(ज) जैविक विविधताको संरक्षण,औद्योगिक/शहरी प्रदुषणको रोकथाम, नियन्त्रण र न्यूनिकरण सोसँग सम्वद्ध व्यक्तिहरुलाई तालिम दिने,

(झ) आम संचार माध्यम मार्फत जैविक विविधताको संरक्षण तथा औ्द्योगिक/शहरी प्रदुषणको रोकथाम र नियन्त्रण गर्न विस्तृत कार्यक्रम संचालन गर्ने

(ञ) प्रदुषण नमूनाहरुको विश्लेषण गर्न प्रयोगशाला स्थापना गर्ने तथा नेपाल सरकारवाट स्वीकृत तथा वातावरण मन्त्रालयवाट मान्यताप्राप्त प्रयोगशाला हरुलाई मान्यता दिने,

(ट) नगरपालिकाले तोकिएका अन्य कामहरु गर्ने, गराउने ।

(ठ) वातावरण उपशाखा वा शाखाले प्रदूषण नियन्त्रण प्रमाण-पत्र जारी गर्दा देहाय अनुसार शुल्क उठाउन सक्नेछ :

(१) अस्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्रको हकमाः

(अ) घरेलु उद्योगको लागि पहिलो पटक रु ५,०००/- र नवीकरण गर्न रु २,५००/-

(आ) साना उद्योगको लागि पहिलो पटक रु १०,०००/- र नवीकरण गर्न रु ५,०००/-

(इ) मझौला उद्योगको लागि पहिलो पटक रु १२,५००/- र नवीकरण गर्न रु ६,०००/-

(ई) ठूला उद्योगको लागि पहिलो पटक रु १५,०००/- र नवीकरण गर्न रु ७,५००/-

(२) स्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्रको हकमाः

(अ) घरेलु उद्योगको लागि पहिलो पटक रु १०,०००/- र नवीकरण गर्न रु ५,०००/-

(आ) साना उद्योगको लागि पहिलो पटक रु २०,०००/- र नवीकरण गर्न रु १०,०००/-

(इ) मझौला उद्योगको लागि पहिलो पटक रु २५,०००/- र नवीकरण गर्न रु १२,५००/-

(ई) ठूला उद्योगको लागि पहिलो पटक रु ३०,०००/- र नवीकरण गर्न रु १५,०००/-

४. **वातावरण समितिको गठन**ः (१) दुहबी नगरपालिकाले वातावरण सम्वन्धी कामको सहजिकरणको लागि एक वातावरण समितिको गठन गर्न सक्नेछ ।

(२) वातावरण समितिमा देहाय वमोजिमका सदस्यहरु रहनेछन् :-

(क) नगर प्रमुख - संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(ग) नगर प्रमुखले तोकेको नगरकार्यपालिकाको महिला सदस्य - सदस्य

(घ) अधिकृत प्रतिनिध घरेलु तथा साना उद्योगको कार्यालय - सदस्य

(ङ) वडा अध्यक्ष, वातावरणीय दृष्टिबाट प्रतिकुल असर परेका वडाको - सदस्य

(च) प्रमुख वा अधिकृत प्रतिनिधि, उद्योग बाणिज्य संघ, दुहबी - सदस्य

(छ) वातवरण उपशाखा वा शाखा प्रमुख - सदस्य सचिव

(३) उपदफा (२) बमोजिम गठित प्राविधि समितिमा आवश्यकता अनुसार विशषेज्ञलाई आमन्त्रण गर्न सकिनेछ र सो समितिमा पेश हुने प्रदुषण रोकथाम तथा नियन्त्रण प्रक्रियाको अवधि बढीमा तीन महिनाको हुनेछ ।

(४) वातवारण समितिको बैठक महिनाको कम्तिमा एक पटक बस्नु पर्नेछ ।

(५) वातावरण समितिको गणपूरक संख्या कूल सदस्य संख्याको ६० प्रतिशत हुनुपर्नेछ ।

(६) वातवारण समितिको निर्णय सर्वसम्मतले पारित गर्नु पर्नेछ । सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यहरुको ५० प्रतिशतभन्दा बढी सदस्यहरुको निर्णयलाई सर्वसम्मत मानिनेछ ।

(७) वातवारण समितिको बैठकको सभापतित्व समितिको संयोजकले मात्र गर्न सक्नेछ ।

(८) समितिको बैठक भत्ता दुहबी नगरपालिकाको अधिनस्थ कानून अनुसार तोकिए बमोजिम हुनेछ ।

**५. वातावरण समितिको काम, कर्तव्य र अधिकारः**(१) वातावरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वातावरण उपशाखा वा शाखावाट पेश गरिएका विषयहरुमा पुनरावलोकन गरी राय सुझाव दिने,

(ख) स्थानीय वातावरणीय स्थिति र कानूनी संरचनाको सन्दर्भमा वातावरण शाखाले पेश गरेका समस्या विश्लेषण न्यूनीकरणका विकल्पहरु र सरोकारवालाका विचारहरुको पुनरावलोकन गर्ने,

(ग) दुहबी नगरपालिकालाई पूर्वाग्रहरहित, प्रभावकारी व्यावहारिक निर्णय गर्न उद्योग मन्त्रालय र यसका जिल्ला स्थित शाखा कार्यालयहरु, नागरिक समाज र अन्य जिल्लाका सरोकारवालाहरु सँग समन्वयकारी सम्वन्ध स्थापना गर्ने ।

**६. अस्थायी वा स्थायी प्रदुषण नियन्त्रण प्रमाण पत्र जारी गर्नेः** (१) वातावरण संरक्षण नियमावली, २०५४ को अनुसूची-७ मा उल्लेख भएका उद्योगहरु मध्ये वातावरण शाखा स्थापना हुनु अगाडि दर्ता र संचालनमा रहेका उद्योगहरु दुहबी नगरपालिकाबाट अनुसूची-१ बमोजिमको सूचना जारी गरिएको ६० दिन भित्र निर्धारित शर्तहरु पुरा गरी अनुसूची-२ मा तोकिएको ढाँचामा विस्तृत विवरणहरु उल्लेख गरी प्रदुषण नियन्त्रण प्रमाण-पत्रको लागि निवेदन दिनु पर्नेछ

(२) कुनै उद्योगको तोकिएकोमा वातावरण उपशाखा वा शाखाले मापदण्ड तोकिएको मितिले स्थायी प्रदूषण नियन्त्रण-प्रमाणका लागि कम्तिमा ६ देखि ९ महिनाभित्र तथा अस्थायी प्रदूषण नियन्त्रण प्रमाण-पत्रका लागि कम्तिमा ३ देखि ६ महिन भित्र कार्यबिधि बमोजिम स्थापना भएका वा तोकिएका प्रयोगशालावाट परीक्षण गराई ३ वर्षका लागि स्थायी प्रदुषण नियन्त्रण प्रमाण-पत्र वा १ वर्षका लागि अस्थायी प्रदुषण नियन्त्रण प्रमाण-पत्र जारी गर्नु पर्नेछ ।

(३) मापदण्ड नतोकिएका वा तोकिएको मापदण्ड अनुकुल नभएका उद्योगको हकमा अस्थायी प्रमाण पत्र तोकिएको मापदण्ड अनुकुल भएका उद्योगको हकमा स्थायी प्रमाण-पत्र लिन अनुसूची-२ मा तोकिएको ढाँचामा निवेदन दिए पछि वातावरण उपशाखा वा शाखाले निवेदन प्राप्त भएको ६० दिन भित्र देहाय अनुसारको छानविन गर्नेछ :

(क) समस्याहरुको विश्लेषण गर्ने : सम्भावित प्रदूषणको प्रदुषकहरुको उत्पत्ति, व्यापकता र असरहरुको अध्ययन गर्नेछ । वातावरण स/अधिकृतले साबिक जिल्ला विकास समितिका अघिल्ला अनुसन्धानहरु, प्राप्त वैज्ञानिक सामग्रीहरु तथा विश्वका अन्य क्षेत्रहरुवाट प्राप्त हुन सक्ने अनुसन्धानहरु वा जानकारीहरु हासिल गर्न सक्नेछ ।

(ख) विकल्पहरुको पहिचान गर्ने समस्यालाइः सम्वोधन गर्न उपलब्ध विकल्पहरुवारे विचार गर्नेछ । यसको लागि वातावरणीय प्रविधिहरु, वातावरण व्यवस्थापनका अभ्यासहरुमा परिवर्तन र असल वातावरणीय व्यवस्थापनतर्फ प्रवृत्त गर्ने उपायहरुको मूल्यांकन समेत गर्नेछ ।

(ग) वैठकहरुको आयोजना गर्ने : प्रदुषणकर्ता सरोकारवालाहरु खासगरी औद्योगिक प्रदुषण केन्द्रिय, विकास समिति र नगरपालिकासँग छुट्टा छुट्टै वैठकहरु गर्ने वैठकमा देशको आर्थिक विकासको स्थितिको प्रदुषणको न्यूनिकरण, प्रदुषणको समस्या र न्यूनिकरणका विकल्पहरुमा आफ्ना धारणा राखी छलफल गर्नेछ । सरोकारवालाहरुको राय सुझाव संकलन गरी सो अभिलेख राख्नेछ ।

(घ) प्रतिवेदन तयार गर्ने सहायक/वातावरण अधिकृतले प्रदुषणका समस्या, न्यूनिकरणका विकल्पहरु र प्रदुषणको सवालमा सरोकारवालाहरुको विचार तथा सरोकारवाला हरुसँग भएक वैठकहरुको निर्णय उतार समेत समावेश गरी ६० दिन भित्र एक प्रतिवेदन तयार गर्नु पर्नेछ ।

तर ६० दिन भित्र प्रतिवेदन तयार गर्न नसकिएमा वातावरण शाखाले वढीमा ६० दिन म्याद थपका लागि नगरकार्यपालिकामा अनुरोध गर्नुपर्नेछ । तोकिएक भित्र वातावरण शाखाले प्रतिवेदन तयार गर्ने काम सम्पन्न गर्न नसकेमा नगरकार्यपालिकाले परामर्शदाता वा सम्वन्धित क्षेत्रमा काम गरिरहेका गैरसरकारी संस्थाहरुला नियुक्त गरी ५० दिन भित्र प्रतिवेदन तयार गरी पेश गर्न लगाउनेछ ।

(४) वातावरण उपशाखा वा शाखाले प्रतिवेदनको अध्ययन गरी सो प्र प्राप्त भएको एक हप्ता भित्र आफ्नो राय सहित थप राय सुझावको लागि वातावरण समितिमा पेश गर्नु पर्नेछ ।

(५) वातावरण समितिले एक हप्ता भित्र सो प्रतिवेदनको पुनरावलोकन गरी वातावरण शाखामा पठाउनु पर्नेछ ।

(६) वातावरण समितिबाट निर्णय प्रतिवेदन प्राप्त गरेको एक हप्ताभित्र वातावरण उपशाखा वा शाखाले दुहबी नगरकार्यपालिकामा सो निर्णय प्रतिवेदन अनुमोदनको लागि पेश गर्नु पर्नेछ ।

(७) दुहबी नगरपालिकाको वातावरण समितिको निर्णय प्रतिवेदन प्राप्त गरेको ३० दिन भित्र सो प्रतिवेदन अनुमोदन गर्नु पर्नेछ । तर ३० दिन भित्र अनुमोदन नभएमा पेश भएको निर्णय प्रतिवेदन स्वत स्वीकृत भएको मानिनेछ ।

(८) दुहबी नगरपालिकाको निर्णय बमोजिम वातावरण उपशाखा वा शाखाले यथाशिघ्र सम्वन्धित उद्योगलाई प्रदुषण नियन्त्रण प्रमाण-पत्र जारी गर्नेछ । दुहबी नगरपालिकाले आफ्नो निर्णय अनुसूची-३ बमोजिमको ढाँचामा सूचना टाँस गरी सम्वन्धित सरोकारवालाहरुलाई जानकारी दिनु पर्नेछ ।

(९) वातावरण उपशाखा वा शाखाले अस्थायी प्रदुषण नियन्त्रण प्रमाण पत्र अनुसूची-४ बमोजिमको ढाँचामा र स्थायी प्रदुषण नियन्त्रण-पत्र अनुसुची - ५ बमोजिमको ढाँचामा निम्नलिखित सवै वा केही सम्वन्धित शर्तहरु उद्योगले पालन गर्ने गरी जारी गर्नेछ ।

(क) प्रदुषण कम गर्न वा नियन्त्रण गर्न आवश्यक उपकरणह निर्धारित समयमा जडान गर्ने,

(ख) जडान भएका प्रदुषण नियन्त्रण उपकरणहरुको उचित प्रयोग गर्ने,

(ग) निर्धारित समयमा मात्रै उद्योग संचालन गर्ने,

(घ) कुनै उद्योग हाता भित्र कुनै काम गरिएवाट प्रदुषण भए सो काम रोक्का गर्नको लागि खास उपायहरु अवलम्वन गने

(ङ) कुनै उद्योगको काम कारवाहीवाट उद्योग हाता वाहिर प्रयोग भएमा सो काम कारवाहीलाई नियन्त्रण गर्नको लागि खास उपायहरु अवलम्वन गर्ने,

(च) अनुगमनको लागि आवश्यक पर्ने उपकरणहरु निश्चित समयम उपलव्ध गराउने,

(छ) उद्योगको प्रकृति अनुसार तोकिदिएका अन्य शर्त वमोजिम काम गर्ने ।

(१०) सम्वन्धित उद्योगले उद्योग हाता भित्र प्रदूषण नियन्त्रण प्रमाण-पत्रका शर्तहरु सार्वजनिकरुपमा देखिने गरी टाँस्नु पर्नेछ ।

(११) अस्थायी प्रदूषण नियन्त्रण प्रमाण-पत्र हरेक बर्ष र स्थाय प्रदुषण नियन्त्रण प्रमाण-पत्र प्रत्येक तीन वर्षमा नविकरण गर्नु पर्ने छ । नवीकरण गर्दा सम्वन्धित व्यक्ति, संस्था वा उद्योगले प्रमाण-पत्रमा शर्त उल्लेखित अनुसार प्रमाण-पत्र पाएको अवधि भित्र प्रदुषण नियन्त्रण गर्ने सिलसिलामा भोगेका कठिनाईहरु र प्राप्त गरेका उपलव्धिहरु उल्लेख गरिएको प्रगति प्रतिवेदन संलग्न गरी अनुसूचि-६ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

७. **<u>प्रदुषण गर्ने वा फोहोर मैला निष्कासन गर्ने उपर उजुरी गर्ने</u>**: (१) कुनै व्यक्ति वा संस्था वा उद्योगले ऐन र नियमावली वमोजिम तोकिएको मापदण्ड शर्त वा अनुरुप प्रदुषण नियन्त्रण नगरेमा वा फोहोर मैला निष्कासन सो कार्यवाट प्रभावित व्यक्ति, संस्था, वडाहरुले त्यस्तो उल्लंघनकर्ता उपर प्रचलित ऐन र नियमावली वमोजिम उपशाखा वा शाखामा उजूरी गर्न सक्नेछ ।

(२) वातावरण शाखाले उजुरीको छानविनको क्रममा प्रदुषण वा पदार्थहरुको नमूना लिने वा लिन लगाउने र मान्यता प्राप्त प्रयोगशालावाट परीक्षण गराउने, सो को प्रतिवेदन अनुसन्धान प्रतिवेदनमा समावेश गर्ने,

(३) उल्लंघनकर्ता व्यक्ति, संस्था वा उद्योगलाई अनुसन्ध सिलसिलामा सुनुवाईको अवसर दिने र सो कुरा अनुसन्धानमा प्रतिवेदनमा समावेश गर्ने,

(४) प्रतिवेदन तयार भए पछि ७ दिन भित्र वातावरण समितिमा पेश गर्ने,

(५) वातावरण समितिले ७ दिन भित्र सो प्रतिवेदनको पुनरावलोकन गरी राय सुझाव सहित वातावरण शाखामा पठाउने,

(६) वातावरण समितिको राय सुझाव सहितको निर्णय प्रतिवेदन प्राप्त भएको ७ दिन भित्र वातावरण शाखाले नगर कार्यपालिकामा सो निर्णय प्रतिवेदन अनुमोदनको लागि पेश गर्ने,

(७) दुहबी नगर कार्यपालिकाले निर्णय प्रतिवेदन प्राप्त गरेको ३० दिनमा अनुमोदन गर्नु पर्ने,

(८) दुहबी नगर कार्यपालिकाले ३० दिन भित्र अनुमोदन नभएमा पेश भए बमोजिमको प्रतिवेदन नै अन्तिम हुने ।

(९) दुहबी नगरपालिकाले अन्तिम प्रतिवेदन बारे सूचना पाटीमा सूचना टाँस गरी सरोकारवालाहरुलाई जानकारी दिनुपर्नेछ ।

(१०) उजूरीको जाँचवुझ गर्दा कुनै व्यक्ति, संस्था वा अस्थायी प्रदूषण नियन्त्रण प्रमाण-पत्रमा तोकिदिएको शर्त तथा वातावरण मन्त्रालयबाट निर्धारित मापदण्ड अनुरुप प्रदूषण नियन्त्रण नगरेको वा फोहोरमैला निष्कासन गरेको देखिएमा वातावरण उपशाखा वा शाखाले त्यस्तो शर्त वा मापदण्ड अनुरुप प्रदूषण नियन्त्रण गर्न वा फोहोरमैला निष्कासन नगर्नका लागि तुरुन्त सूचना दिई देहाय वा सवै काम तुरुन्त गर्नु भनी समयावधि तोकी प्रदूषण नियन्त्रण आदेश दिन सक्नेछ ।

(क) प्रदूषण नियन्त्रण गर्न वा फोहोरमैला निष्कासन सम्वन्धमा अवलम्वन गर्नुपर्ने कुराहरु पालना गर्न,

(ख) कुनै उपकरण वा साधन प्रयोग गर्न, संचालन गर्न वा उपकरणमा सुधार गर्न,

(ग) प्रयोग वा संचालन गरिएका कुनै वा सवै उपकरण प्र संचालन नगर्न,

(घ) निश्चित अनुगमन कार्य अवलम्वन गरी आफू समक्ष प्रतिवे पेश गर्न लगाउन,
(ङ) प्रदुषण नियन्त्रण गर्न तथा फोहोरमैला निष्कासन भिन्न नगर्ने किसिमका वैकल्पिक उपायहरु अवलम्वन गर्न,
(च) वातावरण व्यवस्थापन प्रणाली विकसित गरी सो को जानकारी दिन लगाउन,
(छ) उपयुक्त सम्झेका अन्य कार्यहरु गर्न ।

**८. प्रदूषण कम गर्ने वा नियन्त्रण गर्ने सम्वन्धमा तोकिएका शर्तहरुमा परिवर्तन गर्न सक्नेः**

(१) प्रदुषण कम गर्ने वा नियन्त्रण गर्ने सम्वन्धमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम तोकिएका शर्तहरुमा केही परिवर्तन गरी अन्य उपायहरु अवलम्बन गर्न उपयुक्त भएमा सोही व्यहोरा खुलाई सम्वन्धित व्यक्ति, संस्था वा उद्योगले वातावरण शाखामा निवेदन दिन सक्नेछ ।

(२) वातावरण शाखाले प्राप्त निवेदन जाँझबुझ गर्दा निवेदनमा उल्लेख भए बमोजिम प्रदुषण कम गर्न वा नियन्त्रण गर्न अन्य उपाय अवलम्बन गर्न शर्तहरुमा परिवर्तन गर्न सकिने बारे सात दिनभित्र प्रतिवेदन तयार गरी वातावरण समितिमा पेश गर्नु पर्नेछ ।

(३) वातावरण समितिले प्राप्त प्रतिवेदन पुनरावलोकन गरी आफ्नो राय सुझाव सहित ७ दिन भित्र वातावरण शाखामा पठाउनु पर्नेछ ।

(४) वातावरण शाखाले वातावरण समितिको राय सुझाव समेत संलग्न गरी तयार गरिएको निर्णय प्रतिवेदन ७ दिन भित्र अनुमोदनका लागि दुहबी नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(५) दुहबी नगर कार्यपालिकाले दुई हप्ता भित्र सो प्रतिवेदनको अनुमोदन गर्नु पर्नेछ । तर दुई हप्ता भित्र अनुमोदन नभएमा पेश भएको प्रतिवेदन स्वीकृत भएको मानिनेछ ।

(६) दुहबी नगरपालिकाले अन्तिम प्रतिवेदनबारे सूचना पाट सूचना टाँस गरी सरोकारवालाहरुलाई जानकारी दिनुपर्नेछ ।

**९. फोहरमैला हटाउन सक्नेः**

(१) कुनै व्यक्ति, संस्था वा उद्योगले प्रचलित कानुनमा तोकिएको शर्त वा मापदण्ड विपरीत फोहरमैला निष्कासन गरेको कारणले सर्वसाधारणमा प्रतिकूल असर पर्न गएमा वातावरण शाखाले त्यस्तो व्यक्ति, संस्था वा उद्योगलाई फोहरमैला निष्काशन नगर्नको लागि सूचना गर्दा समेत फोहरमैला नहटाएमा वातावरण शाखाले प्रदुषित क्षेत्रको अध्ययन गरी यस्तो फोहरमैला आफैले हटाउनु पर्ने वा नपर्ने राय सम्वन्धमा आफ्ना् रायसहित वातावरण समितिमा ७ दिन भित्र प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) वातावरण समितिले प्राप्त प्रतिवेदन पुनरावलोकन गरि आफ्नो राय सुझाव सहित ७ दिन भित्र वातावरण शाखामा पठाउनु पर्नेछ ।

(३) वातावरण उपशाखा वा शाखाले वातावरण समितिको राय सुझाव समेत संलग्न गरी तयार गरिएको निर्णय प्रतिवेदन ७ दिन भित्र अनुमोदनका लागि दुहबी नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(४) दुहबी नगर कार्यपालिकाले दुई हप्ता भित्र सो प्रतिवेदनको अनुमोदन गर्नु पर्नेछ । तर दुई हप्ता भित्र अनुमोदन नभएमा पेश भएको निर्णय प्रतिवेदन स्वीकृत भएको मानिनेछ ।

(५) दुहबी नगरपालिकाले अन्तिम प्रतिवेदनबारे सूचना पाटीमा सूचना टाँस गरी सरोकारवालाहरुलाई जानकारी दिनुपर्नेछ ।

(६) दुहबी नगर कार्यपालिकाबाट निर्णय भएको दुई हप्ता भित्र सो फोहोरमैला वातावरण शाखाले हटाउने व्यवस्था गर्नु पर्नेछ ।

(७) वातावरण उपशाखा वा शाखाले फोहोरमैला हटाउँदा लागेको फोहरमैला हटाउँदा उत्पन्न भएको जोखिम र क्षति वापतकोरसो खर्चकाम गरे वापतको थप २५ प्रतिशत रकम त्यस्तो फोहोर मैला निष्कासन गर्ने व्यक्ति, संस्था वा उद्योगसँग प्रचलित कानून वमोजिम सरकारी वाँकी सरह असुल उपर गर्न सक्नेछ ।

**१०. अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने**: दुहबी नगर कार्यपालिकाले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

**११. यसै कार्यविधि बमोजिम हुने:** नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योगहरु सम्वन्धी सम्पूर्ण काम कारवाही यसै कार्यविधि बमोजिम हुनेछ ।

**१२. खारेजी र बचाउ:** यो कार्यविधि लागु हुनभन्दा अगाडि प्रचलित कानून बमोजिम भए गरेका प्रदुषण नियन्त्रण प्रमाण पत्र सम्वन्धी सम्पूर्ण काम कारवाही यसै कार्यबिधि बमोजिम भएको गरेको मानिनेछ ।

## अनुसूची - १
(दफा ७ को उपदफा (१) सँग सम्वन्धित)

## दुहबी नगरपालिका
## नगर कार्यापालिकाको कार्यालय
## दुहबी,सुनसरी
१ नं. प्रदेश, नेपाल

वातावरण संरक्षण नियमावली, २०५४ को नियम १६ बमोजिम प्रदुषण नियन्त्रण प्रमाणपत्र सम्वन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशन मिति ..............................)

वातावरण संरक्षण नियमावली, २०५४ को नियम १६ उप नियम (१) संग सम्बन्धित अनुसूचि-७ मा सूचीकृत गरिएका दुहबी नगरपालिकामा स्थापना भएका र संचालनमा रहेका सबै उद्योगहरुलाई यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले ९० दिन भित्र अस्थायी र स्थायी प्रदुषण नियन्त्रण प्रमाण–पत्र लिनको लागि वातावरण शाखामा आवेदन दिन सूचना गरिन्छ । साथै स्थापनाको क्रममा रहेका उद्योगहरुले संचालनमा आइसकेको ६० दिन भित्र प्रदुषण नियन्त्रण प्रमाण–पत्र लिनको लागि आवेदन दिन समेत जानकारी गराइन्छ ।

यो सार्वजनिक सूचनाको उल्लंघन गर्ने उद्योगहरुलाई वातावरण संरक्षण ऐनको दफा १८ को उपदफा (२) बमोजिम सजाय हुने व्यहोरा समेत सम्वन्धित सबैलाई जानकारी गराइन्छ ।

अन्य विस्तृत जानकारीका लागि वातावरण शाखामा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

## अनुसूची - २

(दफा ७ को उपदफा (१) सँग सम्वन्धित)

श्री दुहबी नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
दुहबी,सुनसरी

म/हामी ...................................................... ले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १६ बमोजिम स्थायी/अस्थायी प्रदूषण नियन्त्रण प्रमाण-पत्र पाउन देहाय वमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु /छौं ।

**१. कम्पनीको नाम र ठेगाना**

| | |
|---|---|
| १.१ उद्योग/संस्थाको ठेगाना : | प्रदेश नं. : जिल्ला :<br>नगरपालिका/गा.पा.: वार्ड :<br>गाउँ/टोल : घर न. :<br>टेलिफोन नं.: फ्याक्स नं.:<br>इमेल : Website : |
| १.२ उद्योग/संस्थाको प्रकार : | (क) निजी फर्म (ख) एकल फर्म<br>(ग) साझेदारी फर्म (घ) संयुक्त परिवार फर्म<br>(ङ) प्राईभेट लिमिटेड कम्पनी (च) पब्लिक कम्पनी<br>(छ) सरकारी स्वामित्वको कम्पनी (ज) विदेशी कम्पनी<br>(झ) अन्य कुनै प्रकारको कम्पनी |
| १.३ उद्योग दर्ता नं.: | (क) उद्योग/संस्था दर्ता नं.: (ख) दर्ता गर्ने निकाय :<br>(ग) दर्ता मिति : (घ) संचालन (उत्पादन) मिति :<br>(ङ) अधिकृत पूँजी :<br>(च) दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि : |
| १.४ दर्ता गर्दा तोकिएका शर्त हरु (कुनै भए) | (क)<br>(ख)<br>(ग) |
| १.५ मुख्य कार्यकारी अधिकृत को नाम र ठेगाना : | (क) नाम : (ख) ठेगाना :<br>(ग) टेलिफोन नं.: (घ) फ्याक्स नं.:<br>(ङ) मोवाइल फोन नं.: (च) इमेल : |

| | |
|---|---|
| १.६ सम्पर्क व्यक्ति : | (क) नाम : (ख) पद :<br>(ग) ठेगाना : (घ) टेलिफोन नं.:<br>(ङ) फ्याक्स नं.: (च) मोवाइल फोन नं.:<br>(छ) इमेल : |
| १.७ उद्योगको प्रकार<br>(✓) चिन्ह लगाउने) | (क) उत्पादनमूलक : (ख) प्रशोधनमुलक :<br>(ग) जडान गर्ने (एसेम्वल) :<br>(घ) यदि अन्य कुनै भए उल्लेख गर्ने) : |
| १.८ मुख्य उत्पादन (हरु) : | (क) |
| | (ख) |
| | (ग) |
| | (घ) |
| १.९ संचालन घण्टा : | (क) प्रतिदिन ............................घण्टा<br>(ख) प्रति वर्ष संचालन .................दिन<br>(ग) उद्योग/संस्था संचालन हुने मुख्य महिनाहरु |
| १.१० उत्पादनका मुख्य प्रकृया हरु : | (क) |
| | (ख) |
| | (ग) |
| | (घ) |

## २. कम्पनीका कामदार

| क्षेत्र | भर्ना गरिएका कामदार | | | | थप सम्भावित कामदार | | | | नागरिक | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पूर्णकालीन | | आंशिक | | पूर्णकालीन | | आंशिक | | | |
| | म | पु | म | पु | म | पु | म | पु | स्वदेशी | विदेशी |
| २.१ प्रशासन/ व्यवस्थापन | | | | | | | | | | |
| २.२ वित्त/लेखा | | | | | | | | | | |
| २.३ दक्ष कामदारहरु | | | | | | | | | | |
| २.४ अर्धदक्ष कामदार हरु | | | | | | | | | | |
| २.५ अदक्ष कामदारहरु | | | | | | | | | | |

## ३. क्षेत्रगत सूचना

| विवरणहरु : | | उत्तर | दक्षिण | पूर्व | पश्चिम |
|---|---|---|---|---|---|
| ३.१ सवभन्दा नजिकको मानव वस्ती | नाम :<br>दूरी : | | | | |
| ३.२ नदी नाला | नाम :<br>दूरी : | | | | |
| ३.३ मुख्य सडक | नाम :<br>दूरी : | | | | |
| ३.४ उद्योग (छेउछाउमा रहेका अन्य उद्योगहरु) | नाम :<br>दूरी : | | | | |
| ३.५ विद्यालय | नाम :<br>दूरी : | | | | |
| ३.६ सांस्कृतिक/धार्मिक स्थान | नाम :<br>दूरी : | | | | |

<u>नोट</u> : माथि उल्लेखित सवै विशेषताहरु र किलो मिटर दूरीमा देखिने गरी एउटा योजनागत (Schematic Map) नक्शा संग्लग्न गर्ने ।

## ४. उत्पादनहरु (मे.ट.)

| ४.१ उत्पादन विवरण | ४.२ उत्पादन प्रतिवर्ष इकाई | ४.३ अपेक्षित उत्पादन वृद्धि/ह्रास आगामी तीन वर्ष (इकाई) | ४.४ उत्पादन क्षमता (इकाई) | ४.५ औसत उत्पादन भण्डारन (इकाई) | ४.६ उत्पादन भण्डारन अत्याधिक | ४.७ उत्पादन प्याकिङ्ग र भण्डारन सुविधाहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नोट : सवै इकाईहरु मेट्रिक प्रणालीमा हुने ।

## ५. कच्चा पदार्थ र रसायनहरु

| ५.१ कच्चा पदार्थ/ रसायन | ५.२ खपत प्रतिवर्ष ( इकाई) | ५.३ उत्पत्ति | ५.४ अपेक्षित खपत वृद्धि/ह्रास आगामी तीन वर्ष (इकाई) | ५.५ कच्चा पदार्थको औसत भण्डारन ( इकाई) | ५.६ कच्चा पदार्थ भण्डारन अत्याधिक | ५.७ कच्चा पदार्थ प्याकिङ र भण्डारन सुविधाहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नोट : सवै इकाईहरु मेट्रिक प्रणालीमा हुने ।

## ६. उपभोग्य सेवाहरु (Utilities)

| ६.१ उपभोग्य सेवाहरु | | ६.२ श्रोत | ६.३ क्षेत्रगत उपभोग (इकाई) प्रति वर्ष | | | ६.४ कूल खपत प्रतिवर्ष (इकाई) |
|---|---|---|---|---|---|---|
| | | | अफिस र आवास गृह | औद्योगिक प्रयोजन | Boiler & Cooler | |
| ६.१.१ इन्धन | (क) मट्टीतेल (कि.ली.)<br>(ख) डिजेल (कि.लि.)<br>(ग) फर्नेस आयल (कि.लि)<br>(घ) कोइला (मे.ट.)<br>(ङ) वायोमास (मे.ट.)<br>(अन्य भए उल्लेख गर्ने) | | | | | |
| ६.१.२ विद्युत (किलोवाट प्रति घण्टा ) | | | | | | |
| ६.१.३ पानी घन मीटर | | | | | | |
| ६.१.४अन्य | | | | | | |

## ७. झोलजन्य फोहोर (Liquid Waste) को निष्कासन

| ७.१ प्रकार/श्रोत | ७.२ गुणस्तर | ७.३ औसत दैनिक परिमाण घन मिटर (Quantity average (m3)/day) | ७.४ न्युनतम अधिकतम दैनिक परिमाण घन मिटर ( Quantity range (m3/day) | निस्कासन हुने ठाउँ |
|---|---|---|---|---|
| ७.१.१ कार्यालय तथा कर्मचारी आवास गृहहरु | परीक्षण भएको छ/छैन (✓) चिन्ह लगाउने र छ भने कागजात संलग्न गराउने | | | |
| ७.१.२ औद्योगिक प्रकृया | | | | |
| (क) | छ/छैन | | | |
| (ख) | छ/छैन | | | |
| (ग) | छ/छैन | | | |
| (घ) | छ/छैन | | | |
| (ङ) | छ/छैन | | | |
| (च) | छ/छैन | | | |
| (छ) | छ/छैन | | | |
| (ज) | छ/छैन | | | |
| (झ) | छ/छैन | | | |
| (ञ) | छ/छैन | | | |
| (ट) | छ/छैन | | | |

नोट : यी मध्ये निष्कासन हुने ठाउँ उल्लेख गर्नेः नगरपालीकाको ढल, खुला सडक छेउको नाला, खुला चउर, नदी/नाला, सेफ्टी टैंक ।

## ८. फोहर मैला (Solid Waste) निस्कासन

| ८.१ प्रकार | ८.२ श्रोत | ८.३ प्रकृति | | ८.४ औसत/ दैनिक परिमाण (कि.ग्रा.) **Quantity average (kg/day)** | ८.५ न्युनतम-अधिकतम दैनिक परिमाण (कि.ग्रा.) **Quantity range (kg/day)** | ८.६ व्यवस्थापन | |
|---|---|---|---|---|---|---|---|
| | | विनाशक (Hazardous) | साधारण (General) | | | सेग्रिगेटेड कलेक्सन (Segregated Collection) | अन्तिम निष्काशन विन्दू |
| जैवीक | | | | | | | |
| अजैवीक | | | | | | | |
| पलाष्टिक | | | | | | | |
| कागज | | | | | | | |
| रुई/कपडा | | | | | | | |
| धातुका टुक्रा | | | | | | | |
| रसायनिक धूलो | | | | | | | |
| तिखा हतियार (Sharps) | | | | | | | |
| अन्य | | | | | | | |

**९. वायूमा निष्काशन**

| ९.१ श्रोत | ९.२ निष्कासन को मात्रा (घन मिटर) | ९.३ अपेक्षित प्रदूषकहरु कि.ग्रा. /घन मिटर | | | | ९.४ निष्कासन प्रकृया | | ९.५ निस्कासन विन्दू हरुको प्रकृति | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | TSP | $SO_X$ | $NO_X$ | अन्य | स्ट्याक(stack) | बीना स्ट्याक (without stack) | जमीन देखिको उचाइ | निष्कासन विन्दूहरुको संख्या |
| | | | | | | | | | |

नोट : परीक्षण परिणामहरु छन् भने संलग्न राख्ने । TSP: Total Suspended Particles, SOX: Sulphur Oxides, NOX: Nitrogen Oxides

**१०. ध्वनि**

| १०.१ ध्वनिका श्रोत हरु (प्रोसेस मेशिन (process macahine) जेनेरेटीङ सेट्स (generating sets), पंखा आदि) | १०.२ ध्वनि श्रोतको क्षेत्र | | | १०.३ उत्पादनको ध्वनि उत्पादनका विवरण (डी वी ए) | १०.४ अन्दाजी १० मी. दुरीमा ध्वनि स्तर (डी वी ए) |
|---|---|---|---|---|---|
| | वन्द क्षेत्र | खुला क्षेत्र | अर्धवन्द क्षेत्र | | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

नोट : परीक्षण परिणामहरु छन् भने संलग्न राख्ने ।

## ११. ताप र रेडियोधर्मी विकिरण

| विवरण | तापक्रम डिग्री से.मा | विवरण | इकाई | तापक्रम/रेडियोधर्मी विकिरणको श्रोत | तापक्रम २ मि. दूरीमा डिग्री से |
|---|---|---|---|---|---|
| उद्योगको निष्कासन विन्दूमा निष्कासन तापक्रम | | कामदारहरुले काम गर्ने कोठा संख्या | | | |
| औसत वार्षिक एम्विएन्ट (ambient) तापक्रम | | कोठाको औसत साईज | | | |
| गर्मी समयमा अत्याधिक तापक्रम | | कोठामा रहेको झ्यालको संख्या | | | |
| जाडो समयमा न्यूनतम तापक्रम | | कोठामा पंखाको संख्या | | | |
| | | हावा आवत जावत गर्ने अन्य सुविद्याहरु | | | |

नोट : परीक्षण परिमाणहरु छन् भने संलग्न राख्ने ।

## १२. फोहोर पानी सफा गर्ने संयन्त्र (Waste Water Treatment Plant-WWTP)

| विषय | वर्णन/डेटा |
|---|---|
| १. WWTP को प्रकार | |
| २. निर्माण वर्ष | |
| ३. क्षमता | |
| ४. संचालन जनशक्ति/मर्मत सम्भार | |
| ५. फ्लोसीट (flowsheet) | |
| ६. दक्षता | |
| ७. सफा गरिएको फोहोर पानीको गुणस्तर | |
| ८. Sludge को परिमाण | |
| ९.Sludge को गुणस्तर | |
| १०. Sludge निष्कासन विन्दू | |

### १३. फोहोरमैला प्रशोधन मेशिन (Solid Waste Treatment Plant-SWTP)

| विषय | विवरण/डेटा |
|---|---|
| १. SWTP | |
| २. निर्माण वर्ष | |
| ३. क्षमता | |
| ४. संचालन/जनशक्ति/मर्मतसम्भार | |
| ५. ल्फोसीट | |
| ६. दक्षता | |
| ७. सफा गरिएको फोहोर पानीको गुणस्तर | |
| ८. वाँकी फोहोर पानीको परिमाण | |
| ९.वाँकी फोहोर पानीको गुणस्तर | |
| १०. वाँकी फोहोर पानी निष्कासन विन्दु | |

### १४.वायू प्रदुषण नियन्त्रण रोकथाम (Air Pollution Control Abatement-APCA)

| विषय | विवरण/डेटा |
|---|---|
| १. **APCA** को प्रकार | |
| २. निर्माण वर्ष | |
| ३. क्षमता | |
| ४. संचालन जनशक्ति/मर्मत सम्भार | |
| ५. फ्लोसीट (flowsheet) | |
| ६. दक्षता | |
| ७. सफा गरिएको ग्याँसको गुणस्तर | |
| ८. धुलो/फ्लाई यास/स्लजको परिमाण | |
| ९.धुलो/फ्लाई यास/स्लजको गुणस्तर | |
| १०. धुलो/फ्लाई यास/स्लज निष्कासन विन्दु | |

**१५. अतिरिक्त सूचना केही भए :** .........................................................................

**१६. प्रदूषण रोकथाम तथा नियन्त्रणका लागि वातावरण व्यवस्थापन :**

(तयार गरेको भए सो योजना संलग्न राख्ने)

१७. म/हामी घोषणा गर्दछु/गर्दछौं की माथि दिइएका सूचनाहरु मेरो/हाम्रो जानकारीमा सही छन् ।

(कुनै निवेदकले जानी जानी गलत सूचनाहरु दिएमा वा त्यस्तो सूचनाहरु लुकाएमा वातावरण संरक्षण ऐन, २०५३ को दफा १८ को उपदफा (२) वमोजिम सजायभागी हुनेछ ।)

१८. मैले/हामीले एक महिना भित्र दुहबि नगरपालिकाले माग गरेको अवस्थामा अन्य कुनै पनि सूचना दिनेछु/दिनेछौं ।

१९. म/हामीले रु ............................................ को मिति .................... मा जारी भएको नगदी रसीद नं./बैंक ड्राफ्ट नं. ............................... प्रदूषण नियन्त्रण प्रमाण-पत्रको दस्तूरको रुपमा दुहबी नगरपालिकाको कार्यालय को नाममा संलग्न राखेको छु/छौं ।

निवेदकको
नाम र पद :
सही :
ठेगाना :
उद्योग/संस्थाको छापः मिति :

**(यो फारममा उल्लेख गरिएका सबै सूचनाहरु अति गोप्य राखिने छन् र निम्न लिखित निकायहरुमा उपलब्ध गराउन देखि वाहेक अदालतमा प्रमाणको रुपमा पेश गरिने छैन ।)**

- दुहबी नगरपालिकाको कार्यालय
- उद्योग विभाग
- उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय
- संम्वन्धित आधिकारीक उद्योग
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**संलग्न गर्नुपर्ने कागजातहरुः ( समाबेश भएका कागजातहरुःमा (✓) चिन्ह लगाउनुहोस् । )**

१) दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि
२) भ्याट दर्ता/प्यान दर्ता/आय कर दर्ता
३) क्षेत्रगत नक्शा (Location Map)
४) निर्माण योजना (Layout Plan)
५) प्रक्रिया संचालन तालिका (Process Flow Chart)
६) प्रयोगशालाबाट परीक्षण गरिएको परिणामको प्रति (Test Report)

## अनुसूची - ३

**(दफा ७ को उपदफा (८) सँग सम्वन्धित)**

# दुहबी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**दुहबि,सुनसरी**

**१ नं. प्रदेश, नेपाल**

## अस्थायी र स्थायी प्रदूषण नियन्त्रण प्रमाण-पत्र जारी गरिएको सूचना

वातावरण संरक्षण नियमावली, २०५४ को नियम १६ को उप-नियम (१) को अनुसूची- ७ संग सम्बन्धित यस नगरपालिकाका उद्योगहरुवाट प्राप्त निवेदनहरु मध्ये निम्न वमोजिमका उद्योगहरुलाई नियमावलीको नियम १६ को उपनियम (१), (३) र (५) बमोजिम अस्थायी र स्थायी प्रदूषण नियन्त्रण प्रमाण-पत्र जारी गरिएको छ ।

**अस्थायी प्रदूषण नियन्त्रण प्रमाण-पत्र प्रदान गरिएका उद्योगहरु**

| क्र.सं. | उद्योगको नाम र ठेगाना | अस्थायी प्रमाण-पत्र नं. | जारी मिति | वहाल रहने मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**स्थायी प्रदूषण नियन्त्रण प्रमाण-पत्र प्रदान गरिएका उद्योगहरु**

| क्र.सं. | उद्योगको नाम र ठेगाना | स्थायी प्रमाण-पत्र नं. | जारी मिति | वहाल रहने मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

...............................

नगर प्रमूख

**अनुसूची - ४**

**(दफा ७ को उपदफा (९) सँग सम्वन्धित)**

दुहबी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

**दुहबी,सुनसरी**

**१ नं. प्रदेश, नेपाल**

**प्रमाण-पत्र नं. : ..................**

# अस्थायी प्रदूषण नियन्त्रण प्रमाण-पत्र

श्री ............................................................. लाई नियमावलीको नियम १६ को उप नियम (५) वमोजिमका ताप, रेडियोधर्मी विकिरण, ध्वनि प्रदूषण, ग्याँसजन्य प्रदूषण र फोहोरमैला, पानी, हावा र जमीनमा प्रदूषण प्रवाह नगरी प्रदूषण रोकथाम र नियन्त्रण गर्ने शर्तहरु पालन गर्ने गरी यो अस्थायी प्रदूषण नियन्त्रण प्रमाण-पत्र प्रदान गरिएको छ ।

जारी मिति : ........................

वहाल रहने म्याद : ........................

..............................

**अनुसूची - ५**

**(दफा ७ को उपदफा (९) सँग सम्वन्धित)**

दुहबी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

**दुहबि,सुनसरी**

**१ नं. प्रदेश, नेपाल**

**स्थायी प्रदूषण नियन्त्रण प्रमाण-पत्र नं. : ..................**

# स्थायी प्रदूषण नियन्त्रण प्रमाण-पत्र

श्री ..........................................लाई नियमावलीको नियम १६ को उप नियम (५) वमोजिमका ताप, रेडियोधर्मी विकिरण, ध्वनि प्रदूषण, ग्याँसजन्य प्रदूषण र फोहोरमैला, पानी, हावा र जमीनमा प्रदूषण प्रवाह नगरी प्रदूषण रोकथाम र नियन्त्रण गर्ने शर्तहरु पालना गर्ने गरी यो स्थायी प्रदूषण नियन्त्रण प्रमाण-पत्र प्रदान गरिएको छ ।

जारी मिति : ........................

वहाल रहने म्याद : ........................

............................

## अनुसूची-६

## (दफा ७ को उपदफा (११) सँग सम्वन्धित )

श्री दुहबी नगरपालिकाको कार्यालय,

दुहबी,सुनसरी

विषयः– प्रमाण पत्र नविकरण गरी पाउँ ।

म/हामी ................................... ले वातावरण संरक्षण नियमावली, २०५४ को नियम १६ बमोजिम स्थायी/अस्थायी प्रदूषण नियन्त्रण प्रमाण-पत्र नविकरण गरी पाउन देहायको प्रगति विवरण सहित यो निवेदन पेश गरेको छु /छौं ।

**प्रगति विवरण** : ...............................................................................................
............. ..........................................................................................................

म/हामी घोषणा गर्दछु/गर्दछौं की माथि दिइएका सूचनाहरु मेरो/हाम्रो जानकारीमा सही छन् ।

(कुनै निवेदकले जानी जानी गलत सूचनाहरु दिएमा वा त्यस्तो सूचनाहरु लुकाएमा वातावरण संरक्षण ऐन, २०५३ को दफा १८ को उपदफा (२) वमोजिम सजायभागी हुनेछ ।)

मैले/हामीले एक महिना भित्र नगरपालिकाको कार्यालयले माग गरेको अवस्थामा अन्य कुनै पनि सूचना दिनेछु/दिनेछौं ।

म/हामीले रु ............................................ को मिति ................... मा जारी भएको नगदी रसीद नं./बैंक ड्राफ्ट नं. .............................. प्रदूषण नियन्त्रण प्रमाण-पत्र नविकरणको दस्तूरको रुपमा नगरपालिकाको कार्यालय को नाममा संलग्न राखेको छु/छौं ।

<u>निवेदकको</u>
नाम र पद :
सही :
ठेगाना :
मिति :

उद्योग/संस्थाको छापः